# “किशोरी अधिकार मञ्च” ले किशोरी अधिकारका लागि गरेको अभियान

## एक अध्ययन




**अनुसन्धाकर्ता :**
महिलावादी श्रोत केन्द्र | Feminist Resource Center (FRC)
सबिता पोखरेल
शोभा बजगाई

**बिषयसुची:**

१. पृष्ठभूमी

२. अध्ययनको पृष्ठभुमी
- अध्ययन क्षेत्र
- अध्ययन विधि
- अध्ययन सिमा
- विधि

३. व्यक्तिगत अन्तरर्वाता
- अन्तरवार्ता सुची
- अन्तरवार्ताको संक्षिप्त विश्लेषण
- दिगोपना
- समन्वय र सहकार्यक

४. समुह केनिद्रत छलफल
- समुह केन्द्रित छलफलको सुची
- समुह केन्द्रित छलफल ( रुपन्देही)
- समुह केन्द्रित छलफल ( कपिलवस्तु)

६. अभियानका मुख्य बुँदा
- शिक्षा
- गतिशिलाको अधिकार
- यौनजन्य हिंसा
- बालबिवाह

७. प्रभावकारीता
- परिवर्तनको अवस्था
- परिवर्तनको स्थिती

८. किशोरी अधिकार मञ्चको आर्थिक पहुँचको अवस्था

९. किशोरी अधिकार मञ्चको जिल्ला कार्यसमितिको सची

१०. सरोकारवाला निकायसंग समन्वय र सहकार्य

११. अबको बाटो

१२. निष्कर्ष

१३. सन्दर्भ सामाग्री

## पृष्ठभूमीः

मानव विकासका विभिन्न अवस्थाहरुमध्ये किशोरावस्था एक महत्वपुर्ण अवस्था हो । विश्व स्वास्थ्य संगठनका अनुसार १० देखि १९ वर्ष सम्मको उमेर समूह हो, जुन बाल्य अवस्था र युवा अवस्था बिचको उमेर भित्र पर्दछ । विशेष गरि यस अवस्थामा किशोरकिशोरीमा शारिरिक, मानसिक, भावनात्मक र संवेगात्मक परिवर्तन देखापर्छ । जसले गर्दा उनीहरु किशोरावस्थामा हुने सहज तथा असहज परिस्थितिबाट गुज्रिएका हुन्छन् । किशोरावस्थामा आउने शारीरीक मानसिक तथा भावनात्मक परिवर्तनले उनीहरूका सोचाई, आशा, आकाङ्क्षा जस्ता कुराहरू समाजले तोकेको मुल्य मान्यताहरू भन्दा फरक हुन सक्छन् । किशोरकिशोरीले समाज तथा परिवारले गर्ने व्यवहार र धारणामा फरकपनको महसुस गर्न सक्छन् । जसले गर्दा किशोरकिशोरीले आफूलाई असहज र अप्ठ्यारो स्थितिमा भएको अनुभुति पनि गर्न सक्छन् । यो बेला उनीहरूलाई आफूमा आएको परिवर्तनलाई सजिलै आत्मासाथ गर्न सक्ने बनाउनका लागि उचित शिक्षा तथा जिवनोपयोगी सिप दिनु आवश्यक हुन्छ । किशोरावस्थामा दिइने उचित शिक्षाको कारणले उमेर अनुसार आउने शारिरिक परिवर्तन, मानसिक तथा भावनात्मक परिवर्तन, व्यक्तित्व विकाश तथा चौतर्फी विकासलाई सहज रुपमा ग्रहण गर्ने क्षमता तथा वातावरण निर्माणमा सहयोग गर्दछ ।

उनीहरुलाई किशोरकिशोरी अनुकुल वातावरण सिर्जना गरी यि परिवर्तनको क्रममा हुने विभिन्न उतारचढावहरूलाई व्यवस्थापन गर्न सक्ने बनाउनु पर्दछ ।

पितृसत्तात्मक सामाजिक संरचना, विभेदकारी परम्परागत मुल्य मान्यता र अभ्यासले किशोरीहरुको जिवनमा चौतर्फी असर पुर्‍याएको हुन्छ । सामाजिकिकरण, शिक्षा आर्जन तथा  व्यक्तित्व विकासको क्रममा समाजमा रहेका संस्थाहरु बाटै संगठित प्रहार हुने गरेको छ । जसको प्रत्यक्ष प्रभाव किशोरीहरु माथि भएपनि अन्तत यसले समाजलाई हानी गरिरहेको हुन्छ । विशेष गरि छोराछोरी लाई समान शिक्षाको पहुँचबाट बञ्चित गर्नु, भावनात्मक र संवेगात्मक वृद्धिमा उचित वातावरणको निर्माण छोराछोरीमा समान ढंगले नहुनु, किशोरीहरुलाई महिनावारीको आधारमा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा विभेद हुनु,गतिशिलताको अधिकार निर्वाध रुपमा उपभोग गर्नबाट बञ्चित गरिनु साथै सामाजिक र पारिवारकि रुपमा किशोरीहरुको नेतृत्व माथि विश्वास नगर्नु जस्ता  असर पारेको छ । यि विभिन्न असरहरुले प्रत्यक्ष रुपमा किशोरीहरुको व्यक्तित्व विकासमा हानी गरेको छ । यद्यपि यि चुनौतीलाई दुबै जिल्लाका किशोरीहरुले अवसरमा समेत रुपान्तरण गरेका छन् । जस्तैः आएका समस्याहरु संगठित रुपमा उठाउने, शिक्षाको पहुँचबाट बञ्चित भएका किशोरीहरुलाई शिक्षामा निरन्तरताको लागि पैरवी गर्ने, किशोरीहरु स्वतन्त्र रुपले घर बाहिर निस्कने पाउने गतिशिलताको अधिकारको लागि परिवार संग पैरवी गर्ने लगायतका विभिन्न कामहरु बाट अवसर सृजना गरिरहेका छन् । जसले पारिवारिक र सामाजिक तहमा किशोरीहरुमाथि विश्वासको वातावरण बढाएको छ । यसरी किशोरीहरुको आवाज संयुक्त रुपमा बुलन्द हुदा आफुमा आउने शारिरिक परिवर्तन को सहज स्विकारोक्ति गर्न साथै परिवार र समाजमा किशोरीहरुलाई हेर्ने  सामाजिक चेतनाको दायरा फराकिलो बनाउन सहयोग मिलेको छ । त्यसैले, किशोरीहरुको सामुहिक संगठनबाट बुलन्द सामुहिक आवाजले विशेषगरि सामाजिक मुल्य मान्यता,संरचनागत विभेद, हानिकारक परम्परागत अभ्यास माथि प्रहार गरेको छ ।  यी तमाम  बेथितीका विरुद्ध आवाज छेड्न चुनौती हुदा हुदै, यो चुनौतीपुर्ण कामले कसरी निरन्तरतापायो ?कसरी सिंगो महिला तथा किशोरी अधिकारको अभियानलाई किशोरी अधिकार मञ्चले बलियो बनाउदै छ त  ? यि प्रश्नहरुको जवाफ यस अध्ययनले खोज्ने प्रयास गरेको  छ ।

## अध्यनको उद्देश्यः

### मुख्य उद्देश्यः

ओरेक नेपाल र केयर नेपालकातर्फबाट रुपन्देही र कपिलवस्तु जिल्लाका किशोरीहरुको शशक्तिकरण, संजालीकरण र स्थानीय स्तरमा किशोरी अधिकारको आन्दोलनलाई बुलन्द गर्दै किशोरीहरुले स्थानिय श्रोत माथिको पहुँच विस्तारका लागि चालेका कदमहरु र यसले  उनीहरुमा आएको परिर्वतनका बारेमा अध्ययन गर्ने ।

किशोरी अधिकार मञ्चको महिला अधिकार अभियानमा के कस्तो प्रयास रह्यो भन्ने विषयको विश्लेषण गर्नु, शैक्षिक, सामाजिक, आर्थिक वञ्चितीकरणका कारण जोखिमावस्थामा रहेका किशोरीहरूलाई लक्षित गरी जागरणमूलक रूपमा बहुपक्षीय सशक्तीकरण हस्तक्षेपको रूपाङ्कन एवं कार्यान्वयन- पुनरावलोकन गर्ने प्रयासमा सहयोग पुऱ्याउनु यस अध्ययनको उद्देश्य हो ।

## विशिष्ट उद्देश्यः

(क) किशोरी अधिकार मञ्चका समग्र उपलब्धिहरूको उजागर गर्दै यसले पारेका प्रभावहरुको विश्लेषण गर्ने ।

(ख) अभाव, विभेद, वञ्चितीकरणको अन्तवर्गियता (Intersection) मा परी उच्चतम जोखिमावस्थामा रहेका किशोरीहरूको सशक्तीकरण एवं सृजनात्मक प्रयासहरुको अनुसन्धान गर्ने ।

**अध्ययन क्षेत्रः** यस अध्ययनकोक्षेत्र रुपन्देही र कपिलवस्तुको किशोरी अधिकार मञ्चमा सहभागी किशोरीहरू र यस मञ्चले प्रत्यक्ष रुपमा सरोकार राखेका सरोकारवाला निकाय तथा व्यक्तिहरु रहेका छन । त्यसैगरि, प्रत्यक्ष सरोकार राख्ने निकायका पदाधिकारीहरु, सामाजिक तथा राजनैतिक क्षेत्रमा काम गर्ने अभियन्ता आदि रहेका छन् ।

## किशोरी अधिकार मञ्चको परिचयः

सिद्धार्थ सामुदायिक समाज, दलित सामुदायिक विकास केन्द्र, अवध थिएटर, केयर नेपाल, ओरेक जस्ता संघ संस्थाको सहजिकरणमा वि.स.२०७१ बाट किशोरी हक अधिकारका लागि किशोरी सञ्जालको रुपमा संगठित भएको हो र यो संजाल २०७६ मा विधिवत रुपमा किशोरी अधिकार मञ्चको रुपमा लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा दर्ता भएको हो । हाल यो संजाल कपिलवस्तु र रुपन्देही जिल्लामा क्रियाशिल रहि सोही जिल्लाका जिल्ला, पालिका र वडा तह सम्म सञ्जाल विस्तार भएको छ । हाल करिव ३००० सदस्य संख्या रहेको यस संजालले स्थानिय, प्रदेश र संघीय तह सम्म कम उमेरमा हुनेविवाह, बालविवाह, यौनजन्य हिंसा र दुर्व्यवहार, किशोरीहरुको स्वतन्त्रपुर्वक हिंड्न पाउने अधिकार र शरीरमाथिको नियन्त्रणको अधिकार लगायतका किशोरीहरुको सवाल हरुको उठान र पैरवी गर्दै आएको छ । साथै, किशोरी अधिकार मञ्चले माथि उल्लेखित सवालमा वडा, पालिका, जिल्ला र प्रदेश स्तरमा समेत सचेतना, पैरवी र समन्वय तथा सहकार्यमुलक गतिविधिहरु गरिरहेका छन् ।

## अध्ययन विधिः

यस अध्ययनमा गुणात्मक (Qualitative) अनुसन्धान विधि प्रयोग गरिएको छ। अध्ययनका लागि रुपन्देही र कपिलवस्तुका ४६ जना किशोरीहरूसँग विस्तृत अर्धसंरचित अन्तर्वार्ताको प्रयोग गरिएको छ । त्यस्तै अवलोकन, फिल्ड नोट्स, केस स्टडी, समुह केन्द्रित छलफल, मुख्य व्यक्तिका अर्न्तरवार्ता लगायतका विधिहरूको प्रयोग गरिएको छ । अन्तर्वार्ताको रेकर्डलाई शब्दमा उतारेर त्यसको विस्तृत विश्लेषण गरिएको छ । यस अध्ययनका लागि अध्ययनका लागि परिचालन भएका टोलीले वैशाख को ७ देखि ११, २०८० मा क्षेत्रगत भ्रमणमा गएर सर्वेक्षण गरेको थियो । अध्ययनलाई अझ सफल बनाउन स्थलगत अध्ययन कार्य पश्चात् पनि आवश्यकता अनुसार टेलिफोन सम्पर्क, भेटघाट र सामाजिक सञ्जालको माध्यमबाट थप जानकारी लिइएको थियो ।

## अनुसन्धानको सीमाः

किशोरी अधिकार मञ्च दुबै जिल्लाका अधिकांश स्थानिय तह र वडा तह सम्म संगठित भएता पनि यस अध्ययनले जिल्ला र पालिका स्तरका केही सदस्यहरुको विचार मात्र समेट्न सकेको छ । करिव ३००० सदस्य संख्या भएको संजालमा ११ जनासंगको प्रत्यक्ष कुराकानिलाई आधार मानिएको छ । सम्वन्धित सरोकारवाला निकायसँग पनि समय

सिमाका कारण विषयमा आधारित पर्याप्त  छलफल तथा अन्तरवार्ता हुन नसक्नु, त्यसैगरि, किशोरी अधिकार मञ्चको व्यवस्थित अभिलेखन अभावका कारण पर्याप्त सन्दर्भ सामाग्री उपलब्ध नभएको र संजालका सदस्यहरुको मौखिक भनाईलाइ नै पुर्ण रुपमा आधिकारिक मान्नु पर्ने अवस्था रहेको छ । त्यसैले, यस अध्ययनले किशोरी अधिकार मञ्चको समग्र पाटोलाई समेट्न नसक्ने हुनसक्छ ।

यस अध्ययनले किशोरी अधिकार मञ्चको मुख्य गरेर दुबै जिल्लामा महिला तथा किशोरी अधिकार प्राप्तिका लागि के कस्तो प्रयास गरिरहेको छ ?, स्थानिय सरकार र अन्य साझेदार निकायको सहयोग र सहजिकरणले किशोरी अधिकार मञ्चका सदस्यहरुमा के कस्तो परवर्तन आएको छ ?, गैर सरकारी संस्थाको सहयोग नभएको खण्डमा दिगोपनाका लागि के कस्ता सम्भावनाहरु रहेका छन् ? यि लगायतका प्रश्नहरुको उत्तर खोज्ने प्रयास हो । यो अध्ययनको उद्देश्य यी संस्थाहरूको गतिविधिको मूल्यांकन नभई यी संस्थाहरूको पृष्ठपोषणमा सञ्चालित अभियानहरुमा किशोरीहरुको सहभागिताले ल्याएको परिवर्तनमा केन्द्रीत छ  ।

## व्यक्तिगत अन्तरवार्ताको संक्षिप्त विश्लेषणः

व्यक्तिगत अर्न्तबार्ताका क्रममा दुवै जिल्लाका १७ जना मुख्य सरोकारवालाहरु सँग सञ्जालले गरेका कामहरुको मुल्यांकन, महिला तथा किशोरीको अधिकार प्राप्तिका लागि संजालको भुमिका, कामको प्रभावकारिताको मापन, समन्वय र सहकार्य र किशोरी/महिला लक्षित योजना तथा कार्यक्रम के कस्ता रहेका छन् आदि विषयमा केन्द्रित रहि अर्न्तवार्ता लिईएको थियो ।

किशोरी अधिकार मञ्च, रुपन्देही जिल्लाकी जिल्ला सह-सचिव सुधा हरिजनलाई किशोरी अधिकार मञ्चमा लाग्दा समाजले गरेका प्रश्नहरु र सोको जवाफ सुधाकै भनाइमा **"सञ्जालका गतिविधिहरुमा सहभागी हुदा गाउँका मानिसहरुले नेतानी भईस् भन्थे । उक्त कुरालाई म हैन बाबा म नेतानी हैन किशोरीको मुद्दामा काम गर्ने संस्थामा छु, त्यसैमा लागेर काम गरिरहेको छु भनेर जवाफ दिन्थे । भत्ता-सत्ता त पाइन्छ होला नि भनेर उनीहरु मलाई पुनः प्रश्न गर्थे । भत्ता-सत्ता केही हुदैन तर हाम्रो हक हितको बारेमा, किशोरी अधिकारको बारेमा कार्यक्रम हुन्छ । हाम्रो हक हित भयो भने हामी जस्तै अरु किशोरीहरुको हकहित, अधिकार र सुरक्षा प्रदान गर्न सक्छौं । त्यसैले म यस्ता कार्यक्रममा जान्छु ।"**



किशोरी अधिकारका सवालमा काम गर्ने अन्य कार्यक्रमहरुले पनि किशोरी अधिकार मञ्चको अभियानलाई सफल बनाउन सहयोग गरेको कुरा दलित अधिकारकर्मी तथा शिक्षाविद संजय कुमार पासीले बताउनु भयो : **Girls on The Ground** भन्ने एउटा कार्यक्रमको प्रसंग जोड्दै उनले कार्यक्रम अर्न्तगत कपिलवस्तु जिल्लाको दुर्गम गाउँमा किशोरीहरुले पनि फुटबल खेल्न सक्छन् भनेर **Girls on The Ground** कार्यक्रमको आयोजना गरिएको थियौं । यो एउटा प्रतिकात्मक सन्देश थियो । घरभित्र सिमित पारिएका छोरीहरु घर बाहिर निस्किएर छोरा सरह खेलमैदानमा उत्रनु आफैमा एउटा सामाजिक रुपान्तरणको एउटा उदाहरण थियो । छोरीहरु नपढाउने हाम्रो समाजमा, किशोरी अधिकार मञ्चका किशोरीहरुको साहस देखेर अहिले बाबुआमाहरु मेरी छोरी काठमाण्डौंमा पढ्छे, भैरहवामा पढ्छे, भनेर गर्वका साथ भन्ने अवस्था भएको छ ।

\- संजय कुमार पासी

गैर सरकारी संस्था महासंघ, रुपन्देही जिल्लाकी उपाध्यक्ष समिता मल्ल किशोरी अधिकार मञ्चको संस्थापक मध्येकी एक हुन् । उनका अनुसार "पहिला किशोरीहरु समुहमा सिमित थिए हाल किशोरीहरुको सवाललाई उठान गर्न राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने भएका छन् । यसले अभियानप्रति समुदायका किशोरीहरुको अपनत्व र विश्वासको वातावरण निर्माण गरेको छ ।

समरीमाई गाउँपालिका उपाध्यक्ष कुमारी प्रियंका साही सिंह भन्छिन्, "म २०७४ साल देखि नै यस सञ्जाल संगै छु । उडान कार्यक्रम मार्फत १३ वर्षको उमेर सम्मका कक्षा छाडेका किशोरीहरुलाई विद्यालयसँग जोड्ने यस सञ्जालले धेरै किशोरीहरुलाई शिक्षामा पहुँच पुर्‍याउन सहयोग गरेको छ । त्यसैगरि अन्य सडक नाटक मार्फत सचेतना फैलाइरहेका छन् । वडा स्तरमा उनीहरुकै अगुवाईमा किशोरकिशोरी सशक्तिकरण तालिम सञ्चालन गरेका छन् । मञ्चको गतिविधिका कारण महिलाहरुलाई घर बाहिर निस्कन सहयोग गरेको छ । समुदायमा घुंघट प्रथा पनि धेरै नै हटेको छ ।"

किशोरी अधिकार मञ्च सामाजिक रुपान्तरणका लागि स्थानीय समुदायमा मुख्य एजेन्सी ( Agency ) को रुपमा रहेको र परिवर्तनका हरेक अभियानमा यसले मुख्य भुमिका खेलेको अध्धययनले देखाएको छ । स्थानिय सरकार र जिल्लामा रहेका अन्य सरोकारवाला निकायले यस संजालको उर्जालाई यथेष्ठ रुपमा प्रयोग गर्न अझैपनि सकेको देखिंदैन । यद्यपी यस मञ्च भित्रका सदस्यहरु विवाह भएर अन्यत्र गएपछि भने उनीहरुको यो उर्जा र अभियानप्रतिको लगावले उपयुक्त वातावरण भने नपाउन सक्ने देखिन्छ भन्ने कुरालाई अहिले बाटै सोचेर सञ्जालको क्षमता विकास अर्को नेतृत्व तयार र उनीहरुको संलग्नतालाई कायम राख्न सम्बन्धित संस्थाले रणनैतिक योजना बनाउनु पर्छ ।

त्यसैगरि राम केश मौर्य (महिला शाखा, समरिमाई गाउँपालिका) का अनुसार किशोरी अधिकार मञ्चको स्थानिय तहसँग विभिन्न किसिमका स्रोत माथिको पहुँचमा वृद्धि भएको छ । अभिभावक र समाजले उनीहरुप्रति गर्ने सम्मान र व्यवहारमा सकारात्मक परिवर्तन देखिएकोछ भने, स्थानिय संघ संस्थासँगको समन्वय र सहकार्यलाई अझ मजबुद बनाउनुपर्ने देखिन्छ ।

उपप्रमुख-सुद्धोधन, गाउँपालिका, कपिलवस्तुका शान्तादेवी ज्ञवालीले धेरै पटक किशोरी अधिकार मञ्चका किशोरिहरुलाई विभिन्न अधिकारका लागि सहजिकरण गरेको र उनीहरु नजिकका भएकाले आगामी दिनमा यस मञ्चको दिगोपनका लागि केहि गर्न सक्ने र स्थानिय सरकासँग किशोरी अधिकार मञ्चका लागि स्रोतहरुहरु खोज्न सहयोग गर्ने योजना रहेको बताएकी छिन् । त्यसैगरि, कपिलवस्तु जिल्लामा प्रत्येक २ दिनमा १ किशोरीले आत्महत्या गर्ने गरेको पछिल्लो तथ्यांक सुनाउदै मधेस मानवअधिकार गृहका रविन्द्र यादव भन्छनः उनीहरुलाइ मनोसामाजिक परामर्श तथा सेवा प्रदानमा भने काम गर्न जरुरी छ । अझपनि धेरै किशोरीहरु बसोबास बस्तीबाट आएका छन् रउनीहरुलाई विद्यालय शिक्षाकिशोरी अधिकार मञ्चकै मार्फत नै गर्दा प्रभावकारीसमेत हुने उहाँको सुझाव छ हुन्छ ।




शान्तादेवी ज्ञवाली
उपप्रमुख-सुद्धोधन, गाउँपालिका, कपिलवस्तु

त्यसैगरी महिला अधिकारकर्मी रुपन्देहिका इन्दिरा आचार्य भन्नुहुन्छ "सार्वजनिक कार्यक्रमका मञ्चमा किशोरी अधिकार मञ्चका सदस्यको उपस्थिति हुदा अन्य सरोकारवाला निकायका सदस्यहरु निकै सचेत भएर बोल्ने स्थिति बनेको छ ।"

हरी प्रसाद ज्ञवाली (युवा,शिक्षा तथा खेलकुद शाखा प्रमुख), कपिलवस्तु नगरपालिका, कपिलवस्तु किशोरी अधिकार मञ्चका सदस्यहरुले हरेक सार्वजनिक फोरमहरुमा किशोरीहरुको स्वास्थ्य, शिक्षा, यौन दुर्व्यवहार र बालविवाह जस्ता सवालहरुको निरन्तर उठान तथा पैरवी गरिरहेका छन् । जसले गर्दा सम्वन्धित सरोकारवालाहरुमा यि सवालप्रतिको संवेदनशिलता बढेको छ । जसको प्रत्यक्ष परिणामको रुपमा यि उदाहरणलाई लिन सकिन्छ ।

त्यसैगरि यसै नगरपालिकाका प्रमुख सुदिप  पौडेल, किशोरी अधिकार मञ्चको कार्यशैलीप्रति सन्तुष्ट भएको बताए । **यस सञ्जालले समुदाय तहमा गरेको अभियानका कारण अभिभावकहरुको छोरी प्रतिको धारणामा परिवर्तन आएको छ । पहिला विद्यालय पठाउन नचाहने अभिभावकहरु अहिले छोरीहरु पढाएको र पास भएको खवर गर्वका साथ सुनाउन थालेका छन् । किशोरी अधिकार मञ्चको प्रभावकारी अभियानका कारण पनि यस पालिकाका ९, १० र १२ न. वडा बालविवाह मुक्त घोषणा भएका छन् । आगामी दिनमा भने सिङ्गो पालिका नै बालविवाह मुक्त गर्ने योजना रहेको छ ।**

किशोरी अधिकार मञ्चको दिगोपनाका लागि स्थानिय पालिकाको योजना निर्माणको समयमा किशोरी अधिकार मञ्चका सदस्यहरुलाई आवश्यक प्राविधिक सहयोग प्रदान गरेर वडा तहदेखि नै यस मञ्चका कार्यक्रमहरु समाहित गराउन सहयोग गर्ने धेरै सरोकारवाला निकायको प्रतिवद्धता रहेको थियो । अभियानहरु पालिकाका निति तथा कार्यक्रमको साथै र योजनामा समावेश गर्न सहजीकरण गर्न आवश्यक रहेको छ । जसको लागि योजना तर्जुमाका विषयमा पनि सहजिकरण गर्न आवश्यक छ । एक चरणको तालिम सम्पन्न भएको छ  । यसको नियमितताका लागि सबन्धित पालिकासँग समन्वय गर्ने शिक्षविद् संजय कुमार पासिले बताए । सञ्जालीकरण विस्तार नभएका पालिकामा पनि सञ्जाल विस्तार गर्न आवश्यक रहेको सिद्धार्थ सामुदायिक समाजकी अध्यक्ष समिता मल्लले बताईन् ।

### दिगोपनाः

- दुबै जिल्लाका पालिका तथा वडा स्तरमा किशोरी अधिकार सञ्जालको विस्तार गरि किशोरी अधिकार अभियान मजबुद बनाउन आवश्यक छ । संस्थाको दिगोपनाका लागि स्थानिय सरकार सँग पहुँच विस्तार गरि आर्थिक श्रोत माथिको पहुँच सूनिश्चित गर्न आवश्यक छ ।
- किशोरी अधिकार मञ्चको दिगोपनाको लागि नगरपालिकाको तर्फबाट बजेट तथा श्रोतको बाँडफाँड गरि सहजीकरण गरिने प्रतिवद्धता कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेलको रहेको छ ।
- ओरेकको सहजिकरणले किशोरी अधिकार मञ्चका सदस्यहरुको व्यवहार र सोचमा महिलावादी अवधारणा देखिन्छ । यसको साथै महिलावादी नेतृत्व ग्रहण गर्न सक्ने आधार समेत पुष्टि गर्दछ ।

### सबल पक्षः

- राष्ट्रिय, अन्तराष्ट्रिय तहका पुरस्कार र गरिमा पाउन यो मञ्चले महिला तथा किशोरीहरुका लागि अवसरको ढोका बनेको छ । पहिला उनीहरु एकमुष्ट ढँगले सबै क्षेत्रमा काम गर्थे भने हाल आएर घटना केन्द्रित भएर काम गर्ने बानीको बिकास भएको छ । यसमा ओरेक नेपालको भुमिका रहेको छ । गत ३ वर्ष अगाडी प्रियंका हरिजनले अन्तराष्ट्रिय आवार्ड पाएकी थिइन् । यसका साथै यसोधरा गाउँपालिका, कपिलवस्तु नगरपालिकाले महिला हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा किशोरी अधिकार मञ्चलाई सम्मान गरेको थियो भने सिद्धार्थ सामुदायिक विकास केन्द्रले बालविवाह विरुद्धको अभियान सक्रिय संस्थाको रुपमा सम्मान गरेको थियो ।
- बालबिवाह न्युनिकरण र महिला/किशोरीको गतिशिलताको अधिकार शुनिश्चित गर्न र निश्चित समुदाय (मुस्लिम) का सवाल बाहिर ल्याउन यस किशोरी अधिकार मञ्चको कारण सहज भएको छ । सरोकारवाला निकाय पनि यस मञ्चका सदस्यहरुले प्रश्न गर्ने थाहा पाएपछि सचेत हुन थालेका छन्  ।
- किशोरी अधिकार मञ्च आफैमा एउटा मिश्रित समुह हो । जाहाँ एकै उमेरसमुह, भौगोलिक, जातजाती र समुदायिक रुपमा विभिधतायुक्त सदस्यहरु रहेका छन् । जुन महिला तथा किशोरीहरुको परम्परागत मुल्य मान्यतामा सामाजिक रुपान्तरणमुखी भुमिका खेल्न र एजेन्सीको ( Agency ) रुपमा स्थापित गर्न उदाहरण बनेको छ ।

**समस्या/चुनौती:**

- किशोरी अधिकार मञ्चका सदस्य र उनीहरुका परिवारका सदस्यहरु नै बालबिवाहको जोखीममा पर्ने खतरा अझै रहेको छ । साथै, उनीहरुमा रहेको अपरिपक्वता निखार्न र आउने संभावित जोखिमको व्यवस्थापन गर्न मनोसामाजिक परामर्शको खाँचो रहेको छ ।
- संघ संस्थाले सहजिकरण गरेर  किशोरी अधिकार मञ्चका सदस्यहरुमा यो तहको सशक्तिकरण देखिएको छ भने अब भावि दिनमा पुस्तान्तरणका लागि यो अवस्था के कस्तो रहन्छ भन्ने विषय चुनौतीपुर्ण छ  । किनकी, परियोजना हस्तान्तरण गर्दा अझ स्थानिय र प्रदेश सरकारसँग पर्याप्त परामर्श गरेर गर्नुपर्ने सुझाव रहेको थियो ।
- किशोरी अधिकार मञ्चका सदस्यहरु लाई प्रविधिमैत्री सुचना संप्रेषण, सामाजिक संजालको सहि सदुपयोग गर्न सहजिकरण गर्नुको साथै सदस्यहरुको उर्जा र जोशको व्यवस्थापन सहि ठाउँमा उपयोग गर्न स्थानिय सरकार र अन्य संघ संस्थाले अपनत्व लिनु आवश्यक छ ।
- किशोरी अधिकार मञ्चले संचालन गरेका अभियानको सामाजिक प्रभावको तह सम्म तथ्यको उजागर गर्न र अभिलेखनको काम चुनौतिपुर्ण छ । अपनत्व ग्रहणको जिम्मेवारी कसले लिने भन्ने विषय पनि चुनौतीपुर्ण छ ।

**समन्वय/सहकार्य:**

- राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानिय तहका संघ संस्था, बाल सञ्जाल र अन्य सञ्जालहरु सँग समन्वयकारी भुमिकामा काम गर्ने गरेको र यसको निरन्तरता अझ जरुरी छ ।
- कुनै पनि कार्यक्रम तथा योजना निर्माण गर्दा दुबै जिल्लाका कार्यसमितिका सबै पदाधिकारीले जिल्लाका अन्य सदस्यहरुसँग राय लिएर, छलफल गरेर मात्र सर्वसम्मतिले निर्णय गर्ने गरेको अभ्यास आफैमा सराहनीय छ ।
- यस मञ्चले पुस्ताण्तरणका लागि प्रत्येक साधारण सभाबाट ६० प्रतिशत पुराना सदस्य र ४० प्रतिशत मात्र नयाँ सदस्यलाई सहभागी गराउने परिपाटिको अभ्यास गर्ने गरेको छ । यो एउटा नमुना र उदाहरणीय प्रयास हो ।


**समुह केन्द्रित छलफलबाट आएका तथ्यहरु:**

समुह केन्द्रित छलफल दुबै जिल्लाका किशोरी सञ्जालका सदस्यहरुसँग सम्पन भयो । जसमा ११ जना किशोरीहरुको सहभागिता रहेको थियो । संस्थाले सम्पन्न गरेका गतिविधिहरु, क्षेत्र, सदस्यहरुको आबद्धता, सरकारी तथा गैर सरकारी निकायबाट के कस्तो पहल/प्रयास, क्षमता अभिवृद्धिका लागि भएका प्रयास, समुदाय, जिल्ला, प्रदेश तथा केन्दिय तहमा संस्थाको प्रतिनिधित्वको अवस्था, आर्थिक र प्राविधिक  श्रोतको व्यवस्थापन, समस्या तथा चुनौती र अवसर स्थानीय सरकार वा अन्य संघ संस्थासंग रहेको अपेक्षा आदि विषयमा केन्द्रित रहेर समुह केन्द्रित छलफल गरिएको थियो । जिल्लागत रुपमा दुबै जिल्लाको छलफलको संक्षिप्त विश्लेषण निम्नानुसार रहेको छ ।

**१. रुपन्देही:**

रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका मा रहेको अवध थिएटर र किशोरी अधिकार मञ्चको सचिवालयमा ८ जना किशोरी अधिकार मञ्च जिल्ला तथा नगर/गाउँपालिकाका प्रतिनिधिहरुसँग समुह केन्द्रित छलफल सम्पन्न भएको थियो । यस संजालको स्थापनाकाल देखि सदस्य रहेका किशोरीहरु र २ वर्ष अघिदेखि आबद्ध भएका किशोरीहरुको उपस्थिति रहेको थियो ।

स्थानिय तहदेखि जिल्ला स्तरमा किशोरीहरु मुख्यगरि ४ वटा एजेण्डामा सवाल उठाउने, पैरवि गर्ने र न्यायका लागि सहजिकरण गर्ने गरेको बताए ।




आफू विभिन्न सामाजिक गतिविधिमा हिडेर समाज र परिवारको विश्वास जित्न सुरुका दिनहरुमा धेरै नै चुनौतीपुर्ण रहेको थियो । तर, अब सहज हुन थालेको **सबिता प्रजापतिको** अनुभव रहेको थियो । गाउँका अन्य किशोरी साथीहरु मिटिङ्ग र तालिममा गएको देखेर हामीलाई पनि लैजाउ न भन्ने अनुरोध गर्दछन् । त्यसैले, मिलेसम्म अन्य साथीहरुलाई पनि लिएर जान थालेको सहभागीले बताए । यस सञ्जालले किशोरी र अभिभावक बिच सम्मान, किशोरी गतिशिलतामा रोक विषयक अन्तरक्रिया, सचेतनामुलक सडक नाटक र विभिन्न दिवसहरु मनाएका छन् । यस प्रकारका कार्यक्रमहरु विभिन्न संघ संस्था तथा स्थानिय सरकारसंग मिलेर गर्ने गरेको अभ्यास रहेको छ ।

स्थानीय निकायको सहयोगमा धेरै बालविबाह रोक्न सहजिकरण गरेको, विद्यालय छाडेका बालिकाहरुलाइ पुनः भर्नाकालागि अभिभावक, विद्यालय र स्थानिय शिक्षा शाखा सँग गैडहवा गाउँपालिका, श्री जनजागृति माध्यमिक विद्यालय पढ्ने ज्ञानमती यादव, इन्द्रावती यादव, सोनी कुर्मी, मनिसा कुर्मी र मिना कुर्मी पढाई छाडेर बसेका थिए । किशोरी अधिकार मञ्चका किशोरीहरुले उक्त किशोरिका अभिभावकसँग सहजीकरण गरेर पुनः भर्ना गर्ने वातावरण निर्माण गरेको अनुभव सुनाए ।



**समुह केन्द्रित छलफलका क्रममा किशोरी अधिकार मञ्चका सदस्यहरु**

“कता कता होटलमा छोरीहरु पठाउँछन्, राति राति कहाँकहाँ पठाउँछन् भने भनेर समाजमा भन्छन्, यसो भनेर बुवा आमाले बाहिर निस्कन दिनुहुदैन थियो भन्छिन् “सबिता प्रजापति” आजभोली सहज छ । जाहाँ जान पनि दिनुहुन्छ । अधिकांश किशोरीहरुको प्रतिक्रिया यस्तो रहेको थियो ।

किशोरी अधिकार मञ्चको क्षमता अभिवृद्धिका लागि ओरक नेपाल, केयर लगायत अन्य स्थानीय संघ संस्था र स्थानिय सरकारले सहयोग गरेको छ भने तर यतिले मात्र पर्याप्त छैन। प्रस्तावना लेखन, साइबर क्राइम, यौनजन्य हिंसा, स्थानिय तहको योजना निर्माणका ७ चरण सम्वन्धि तालिम लिइसकेका छौ। यी तालीमहरुबाट हाम्रो क्षमता अभिवृद्धि भएको छ। विभिन्न कार्यक्रममा तथ्यपरक ढंगले बोल्न सक्ने, स्थानिय तहको योजना निर्माणमा किशोरीका सवाललाई राख्न सक्ने भएका छौ। त्यसैगरि धेरै सदस्यहरुको सामाजिक सञ्जालको पहुँचमा रहेका छौ। सामाजिक संजालको प्रयोगको जाखिमबारे सचेत भएका छौं। जसले हाम्रा मुद्धाहरु कसरी सामुहिक र सामाजिक बनाउने र सामाजिक संजालमा पोष्ट गर्ने भन्ने विषयमा सचेत पनि भएका छौं। आफ्नो समुदायमा घटेका महिला तथा किशोरी हिंसाका घटना सम्वन्धित निकाय समक्ष राख्न र सहयोग गर्न मञ्चका धेरै सदस्यहरु सक्षम भएका छौं। प्रस्तावना लेखेर स्थानिय सरकारबाट आर्थिक स्रोत लिएर वडा तथा पालिका स्तरमा विभिन्न कार्यक्रमहरु सम्पन्न गर्न समेत सफल भएका छौं। आगामी दिनमा नेतृत्वका नयाँ पुस्ता पनि तयार गर्न आवश्यक छ। जसका लागि सबैको सहयोग, सल्लाह र सहजिकरणको खाँचो रहेको सञ्जालका किशोरीहरुको आवाज थियो।

आगामि दिनमा सहयोग गर्ने निकाय नहुदा सञ्जाललाइ कसरी सक्रिय राख्ने भन्ने चुनौति किशोरी अधिकार मञ्चका सदस्यहरुलाई रहेको छ। किनभने, किशोरी सञ्जालले किशोरीका सवालमा आवाज उठाउँछ भन्ने विश्वास समुदायमा परिसकेको छ। समस्याहरु सञ्जाल समक्ष आउँछन् त्यस अवस्थामा सहयोग गर्न नसक्दा पाएको विश्वास गुम्ने जोखिम उनीहरुको भनाई रहेको थियो। पैरवीका मुद्दा पहिचान र उठान, सदस्यहरुको क्षमता अभिवृद्धि, स्रोतहरु माथिको पहुँच बढाउने लगायतका पक्षमा किशोरी अधिकार मञ्च एक्लैको प्रयास बलियो नहुने सदस्यहरुको गुनासो थियो।

## २. कपिलवस्तु

किशोरी अधिकार मञ्च कपिलवस्तु जिल्लाका १० वटै स्थानिय तहमा आफ्नो सञ्जाल बिस्तार गरेर सबै खालका विभेद विरुद्ध बोल्ने शिलसिलामा पहुँच विस्तार गर्दैछ। यतिमात्र नभएर ९ वटा स्थानिय तहका वडा स्तरमा समेत सञ्जालीकरण भैसकेको यसै जिल्लाकि उपाध्यक्ष सुमित्रा भुराअले बताइन्। वडा देखि अभियानहरु सञ्चालन गर्ने गरेको सम्पुर्ण सहभागीहरुको भनाई थियो भने मुख्य गरेर यस जिल्लामा निम्नानुसारका गतिविधि सञ्चालन गरेको बताए :

- बालिका सम्मेलन
- विभिन्न स्थानिय तहसँग  संवाद कार्यक्रम
- सचेतनामुलक सडकनाटक
- सेनिटरी प्याड बनाउने तालिम
- नेतृत्व विकास तालिम
- स्थानिय तह योजना तर्जुमा सम्बन्धि तालिम

विषेशत ४ वटा क्षेत्र : बालबिवाह, शिक्षा, यौन र्दुव्यवहार र गतिशिता अधिकार मा केन्द्रित रहेर अभियानहरु संचालन गर्ने गरेकोमा यस वर्ष कपिलवस्तु नगरपालिकाले किशोरी अधिकार मञ्चका योजनाहरुलाई “रातो पुस्तकमा’ समेटेको छ। राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानिय तहमा किशोरी अधिकार मञ्चको अनुभव र अभियान सेयरिङ्गका लागि समेत सहभागि भएको पदाधिकारीहरुले बताए। यसै क्रममा विभिन्न पालिकाले लैङ्गिक तथा समावेशीकरण नीति निर्माणको परामर्श बैठकमा समेत बोलाउने गरेको अनुभव सुनाए।

किशोरी अधिकार मञ्चमा जिम्मेवारी बाँडफाँडको पनि राम्रो अभ्यास रहेको पाइयो। कुनै पनि कार्यक्रममा जानुपुर्व वा संस्थाद्धारा कुनै पनि कार्यक्रम संचालन गर्नु परेमा कार्यसमितिको बैठक बसेर सहमति र निर्णय गर्ने गरेको बताए। भौतिक रुपमा उपस्थित हुन सक्ने अवस्था नभएमा पनि भर्चुवल बैठक बस्ने गरेको अनुभवले किशोरी अधिकार मञ्च प्रविधिमा पनि उत्तिकै पहुँच स्थापित गर्दै गरेको पुष्टि गर्छ।

**सबल र सुधार्नुपर्ने पक्ष केलाउदा यस मञ्चका सदस्यहरुको प्रतिक्रिया यस्तो रहेको थियो :**

यस मञ्चमा आबद्ध भएका धेरै सदस्यहरु आफ्नो पढाई बिचमै छाडेर घरमै समय बिताइरहेका थिए । जब किशोरी अधिकार मञ्चमा आवद्ध भए, त्यस पश्चात आफ्नो पढाइ पुनः सञ्चालन गर्न थाले । गाउँघरमा पढाई छाडेर बसेका किशोरीहरुलाई पनि पढ्न र विद्यालय भर्ना गर्न अभिभावक, स्थानिय शिक्षा शाखा र विद्यालयसँग समन्वयकारी भुमिका खेलेर शिक्षामा पहुँच विस्तार गरेको, बालबिवाह न्युनिकरणमा बलियो ऐजेण्टको रुपमा भुमिका खेलेको आत्मानुभुती रहेको छ । त्यसैगरि, अभिभावक शिक्षामा पनि यस सञ्जालको बिस्तार बलियो हुदै गरेको बताए ।

त्यसैगरि सिक्न पनि धेरै बाँकि रहेको उनीहरुको स्विकारोक्ति थियो । घरबाट बाहिर निस्कन समस्या हुने, चारित्रिक रुपमा आरोप लाग्ने  र परिवारका सदस्यले गरिरहेको कामलाई सकारात्मक रुपमा नहेर्ने कारणले किशोरी अधिकार मञ्चका सबै सदस्यहरुले स्वस्थ्य वातावरणमा काम गर्न पाएका छैनन् ।

दुबै जिल्लामा किशोरी अधिकार मञ्चले ४ वटा सवाललाई विशेष आफ्ना अभियान बनाएर कार्यक्रमहरु संचालन गरिरहेको छ । यि ४ बुँदाहरुमा केन्द्रित हुदा निम्नानुसार काम गरेको पाइयो ।

**क.शिक्षाः**

किशोरी अधिकार मञ्चले गर्ने मुख्य अभियान शिक्षा हो । शिक्षा बाट बन्चित भएका किशोरीलाइ पुनः भर्ना गराउँन, अभिभावक, पालिका शिक्षा तथा अन्य  सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरि शिक्षामा किशोरीको पहुँच वृद्धि गर्ने कार्य यस मञ्चले गरिरहेको छ । अध्ययन क्षेत्रका दुबै जिल्लामा अधिकांश किशोरीहरु मधेसी, मधेसी दलित र मुस्लीम समुदायबाट प्रतिनिधित्व गर्छन् । मुस्लिम समुदायका छोरीहरु किशोरावस्थामा पुगेपछि कसैको आँखा नलागोस् भनेर अभिभावकहरु विद्यालय पठाउन हच्किन्छन् । अब अक्षर चिनिहाल्यौ किन पढ्नु भनेर घरबाट निस्कनलाई रोक्न खोज्नुहुन्छ भनेर  रोहीणी गापा ७ कि **रोकैया खातुन** सुनाउँछिन् । उनी भन्छिन् “ बलात्कार तथा यौनजन्य हिंसा कँही भएको घटना थाह भयो भने घरभित्र नै बस्न बाध्य हुनुपर्छ ।

शिक्षामा किशोरीहरुको पहुच बढाउने सन्दर्भमा २ महिना अघि, यसोधरा गाउँपालिका वडा न. ५ मा रहेको श्री अनिरुध पब्लिक माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत २ जना छात्रहरु विद्यालयको शुल्क नतिरेर परिक्षामा सामेल हुन बन्चित भएको जानकारी पाएपश्चात्, परिक्षाको समय भन्दा २ घण्टा अघि पालिका शिक्षा तथा सामाजीक शाखाका प्रमुख श्री कृष्ण पाण्डे र किशोरी अधिकार मञ्चका पदाधिकारी मिलेर उक्त विद्यालय र अभिभावकसँग समन्वय गरेर दुबै किशोरीलाई परिक्षामा सामेल गराउन सफल भएको अनुभव सुनाए ।

यस जिल्लामा किशोरी अधिकार मञ्चले शिक्षाको क्षेत्रमा के गरिरहेको छ त ? भन्ने प्रश्नमा कपिलवस्तु जिल्ला, कपिलवस्तु नगरपालिकाका प्रमुख **श्री सुदिप पौडेल यसो भन्नुहुन्छ** “किशोरी अधिकार मञ्च बालिका शिक्षाामा निरन्तर लागेको छ । उनीहरुको कामले सबैलाई सहकार्य गर्न बाध्य बनाउँछ । प्रविधिमा पनि उनिहरुको पहुँच उत्तिकै मात्रामा वृद्धि होस् भनेर यस मञ्चलाई पालिकाको तर्फबाट एउटा ल्यापटप प्रदान गरेका छौं ।”

प्रदेश तथा जिल्ला स्तरका कार्यक्रमहरुमा किशोरी अधिकार मञ्चका बीस बर्ष भन्दा कम उमेरका किशोरीहरु अध्यक्षता गर्छन् । अतिथीको रुपमा आफ्ना मन्तव्य निर्धक्क सँग सबै सामु राख्छन् । यो मधेसी तथा दलित समुदायमा आएको ठुलो रुपान्तरण हो । महिला तथा बालबालिका शाखाकी अधिकृत **श्री शरोजा चौधरीको** थप्नुहुन्छ “स्थानिय तहले किशोरी अधिकार मञ्चका किशोरीहरुको सबलिकरणमा बजेट विनियोजन गर्न सकेको छैन । मन्त्रालय र स्थानिय तहबिचको प्रविधिक समस्याको कारणले पनि यस्तो भएको हो” । त्यसैगरि, शुद्धोधन गाउँपालिका, रुपन्देही की उपाध्यक्ष **श्री शान्तादेवि ज्ञवाली** भन्छिन् “पालिकाका ५ जना किशोरहिरु छनौट गरेर प्रविधिक शिक्षाका लागि सहयोग गर्न बजेट विनियोजन गरिसकेका छौं ।” यसले किशोरीहरुलाई आत्मनिर्भर बनाउन सहयोग गर्छ ।

यसै गरि कपिलवस्तु नगरपालिका युवा, शिक्षा तथा खेलकुद शाखाका प्रमुख उपसचिव **श्री हरिप्रसाद ज्ञवाली** पनि किशोरी अधिकार मञ्चका कार्यक्रमहरुमा किशोरीहरुसंगै एउटै मञ्चमा अतिथि भएर बसेको अनुभव सुनाउँछन् । गतबर्ष २६ जना किशोरीहरुलाई प्लस टु अध्ययनका लागि दश हजारका दरले नगरपालिकाले छात्रवृत्ति प्रदान गरेको थियो । जसको लागि समन्वय र सहकार्य  किशोरी अधिकार मञ्चसँग पनि गरिएको थियो । उक्त छात्रवृत्तिमा ५ जना यहि मञ्चका सदस्यहरु पनि रहेको जानकारी दिए । त्यसैगरि, शुद्धोधन गाउँपालिका, रुपन्देहीमा विद्यालय जान रोकेर घरे बसिरहेका ५ जना किशोरीहरुलाइ पुनः भर्ना गराउनका लागि किशोरी अधिकार मञ्चले समन्वयकारी भुमिका खेलेको उपप्रमुखले जानकारी दिनुभयो । विशेषगरि शिक्षाको क्षेत्रमा यस सञ्जालले निम्नानुसारका काम गरेका छन् ।

(क) शिक्षाबाट बञ्चित भएका र विद्यालय छाडेका किशोरीहरूको पहिचान
(ख) विद्यालयमा भर्ना भएका तर विभिन्न कारणले विगत केही समयदेखि अनियमित हाजिरी भएका किशोरीहरूलाई पालिका शिक्षा तथा अन्य सहयोगी निकायसँग समन्वय गरि विद्यालय पुनः भर्ना गर्न सहजिकरण ।
(ग) हाल विद्यालय गइरहेका तर गरिबी, पारिवारिक उपेक्षा वा सामाजिक सीमान्तीकरण लगायतका कारणले शैक्षिक निरन्तरताको सुनिश्चितता नभएका किशोरीहरूसँग समन्वय, साझेदारी पश्चात किशोरी अधिकार मञ्चमा जोड्ने र सबलिकरण गर्ने ।

## ख.गतिशिलताको अधिकारः

नेपाली समाजमा महिला तथा किशोरीहरु स्वतन्त्र भएर सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक र शैक्षिक रुपले हिडडुल गर्न, शिक्षा आर्जन गर्न र व्यक्तित्व विकास गर्न सक्ने अवस्था अझै छैन । त्यसमाथि पनि मधेसी समुदायबाट यस प्रकारको पारिवारीक र सामाजिक सहयोग र उत्तरदायित्वको विषय गम्भिर छ । यस किशोरी अधिकार मञ्चका सदस्यहरु आफ्नो आवश्यकता पुरा गर्न मात्र बाहिर निस्कदैनन् । आफ्ना साथीहरु र आफुजस्तै किशोरीहरुको लागि चुनौती बोकेर भएपनि बाहिर निस्कन थालेका छन् । किशोरी अधिकार मञ्चमा सहभागी अधिकांश किशोरीहरू मधेसी दलित समुदायको  प्रतिनिधित्व गर्छन् । यो समुदाय सामाजिक संरचनाको सोपानमा सबैभन्दा कमजोर स्तरीकरण गरेको समुदाय हो  । अध्ययनमा सहभागी अधिकांश किशोरीहरूको अर्को साझा अनुभव गतिशिलतामा वृद्धि हो । अभियानका क्रममा विभिन्न कार्यक्रमहरूमा सहभागीताको लागि किशोरीहरू आफ्नो समुदाय र भूगोलको सीमाबाट बाहिर  आउन पाएका छन् । रुपन्देहीकी रिमा मौर्य आफ्नो अनुभव सुनाउछिन् ‘‘रुपन्देही र कपिलवस्तुको दक्षिणी भेगका मधेसी किशोरीहरूको लागि १०/२० किलोमिटर  टाढाको शहर जान पनि सोच्नु पर्ने अवस्था थियो । तालिम, मिटिङ्ग भन्ने थाहै थिएन’’ ।

कोटहीमाई रुपन्देहीको **२० वर्षीय तिजा साहनीले** अभियानको दौरानमा घर छोडेर हिंडेको प्रसंग यसरी बताइन्,  “बुटवल, भैरहवा, तौलिहवा गइराख्छु। तिलौराकोट पनि गएको छु। काठमाडौं पनि गएको छु।” यसो भन्दै गर्दा  उनको अनुहारमा चमक र आत्मविश्वास झल्कन्थ्यो ।  **कपिलवस्तु नगरपालिका, कपिलवस्तुकी १९ वर्षीय राधिका रैदासले भनिन्, “घरबाट निस्कन पाएकी छु । विभिन्न किसिमका तालिम तथा भ्रमणमा कहिल्यै नपुगेको ठाउँ पुग्ने अवसर पाएकी छु ।” यति सानैमा यो मेरो लागि नसोचेको कुरा हो । घरबाट बाहिर निस्कन पाउनु, नजिकका बजारमा पुग्न सक्नु, टाढा टाढाका शहरहरुमा पुग्न पाउनु, सामाजिक बन्धनहरू  तोड्न सक्नु पनि शशक्तिकरण हो । किशोरीहरू यसरी बाहिर जान पाउँदा स्वतन्त्रता महसुस गर्छन् ।**

आफ्नो  परिवारको अगाडि उनीहरू सबै अनुभुति प्रष्ट अभिव्यक्त गर्न सक्दैनथे । केही गाउँहरूमा पुग्दा आमाहरू पटक पटक कुराकानी सुन्न उनीहरुसँगै बस्थे । पछि केही कार्यक्रमहरूको दौरान बजारका सभाहल र होटलका  हलहरूमा भेटिँदा ती किशोरीहरू खुलेर कुरा गर्थे । घरमा भन्न नसकेका अनुभवहरू सुनाउँथे । उनीहरू खुलेर हाँसिरहेका हुन्थे । उनीहरुले खोजेको गतिशिलता यहि हो । आफु जस्तै धेरै किशोरी साथीहरुलाई बोल्न सक्ने, मनका आवाजहरु अरुलाई सुनाउन सक्ने बनाउने उनीहरुको प्रयत्न पनि रहेको छ ।

किशोरी अधिकार मञ्च, कपिलवस्तुकी जिल्ला सचिव शाधना पटहार शुरु-शुरुमा घरबाट बाहिर निस्कदाँ सबैको चासो हुन्थ्यो तर अहिले उनले जिल्लामा किशोरीहरूको नेतृत्व गर्छिन् । जिल्ला, स्थानिय तहको अभियन्ता, राजनितिकर्मीहरुसँग बसेर एउटै मञ्च सेयर गर्छिन् ।

## ग.यौनजन्य हिंसा न्युनिकरणः

यस मञ्चले सञ्चालन गर्ने अभियान यौनजन्य हिंसामा शुन्य सहनशीलताको प्रवर्द्धन हो । यस मञ्चले समुदाय तथा विद्यालयमा किशोरी माथि हुने दुर्व्यवहार र यौनजन्य व्यवहारप्रति शुन्य सहनशिलता हुनुपर्ने विषयको पैरवी गर्दै आएको छ ।

किशोरी अधिकार मञ्च दुबै जिल्लाको सञ्जालले यौनजन्य हिंसा न्युनिकरणमा विभिन्न संघ संस्थासंग समन्वय तथा रेफरल संयन्त्र मार्फत काम गरिरहेको छ । कदम नेपाल (सुरक्षा आवास), रुपन्देही कि इन्चार्ज **श्री सुस्मा अर्यालका** अनुसारः कदम नेपालले ३ बर्षको अवधिमा २० जना किशोरीलाई यौनजन्य हिंसाबाट प्रभावित भै सुरक्षावास लगायतका सेवा प्रदान गरेको छ। जुन किशोरी अधिकार मञ्चले रिफर गरेको हो। कतिपय अवस्थामा उक्त सञ्जालकै किशोरीहरुलाई पनि सुरक्षा आवासमा राख्नुपर्ने स्थिति छ। यसले के प्रष्ट पार्छ भने, किशोरी अधिकार मञ्चकै किशोरीहरु समेत यौनजन्य हिंसाको उच्च जोखिममा रहेका छन्। नेतृत्वमा रहेका किशोरहिरुले प्रविधिको सदुपयोग गर्न र सरोकारवाला निकायसँगको समन्वयकारी सम्वन्ध स्थापित गर्न नसकेको अवस्थामा यस प्रकारका समस्या बाट पिडित हुनुपरेको गुनासो धेरै किशोरहिरुको रहेको थियो ।

## घ.बालविवाहः

किशोरी अधिकार मञ्चले वालविवाहको न्युनिकरणका लागि अभियान सञ्चालन गरिरहेको कुरा अनुसन्धानको क्रममा आएको थियो । जसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दिगो विकासको लक्ष्या प्राप्तिमा ठुलो टेवा पुर्याएको देखिन्छ । अध्ययन क्षेत्रका दुबै जिल्ला लुम्बिनी प्रदेशका बालबिवाह अधिक हुने जिल्लामा पर्दछन् । **किशोरी अधिकार मञ्चमा आबद्ध किशोरीहरु वालविवाह प्रति धेरै नै सचेत भएको पाइयो । आफु २० बर्ष भन्दा अघि बिबाह गर्न कसैगरि पनि तयार नभएको समुह केन्द्रित छलफलमा आवद्ध किशोरीहरुले सुनाए ।**

बालबिवाहको कारण सर्वाङिण स्वास्थ्यमा पर्न जाने असरप्रति सञ्जालका धेरै किशोरीहरु सचेत देखिए। यद्यपी परिवारमा विवाहको दवाब भने आउने गरेको शुद्धोधन गापा ६ कि किशोरी सजालकी पालिका उपाध्यक्ष **रिमा मौर्य**ले सुनाइन । बालबिवाह न्युनिकरणमा किशोरी अधिकार मञ्चले अभियानको रुपमा विभिन्न गतिविधि गर्दै आएको छ । बिगत २ वर्षमा कपिलवस्तु जिल्लामा ७ र रुपन्देहीमा ६ वटा बालबिवाहका घटना रोक्नका लागि किशोरी अधिकार मञ्चले खवरदारी गरेको छ । जसमा स्थानिय सरकार र अन्य सम्वन्धित सरोकारवाला निकायको सहयोग र समन्वय रहेको थियो ।

## प्रभावकारिताः

दुबै जिल्ला गरेर जम्मा ३ हजारको हाराहारीमा किशोरी अधिकार मञ्चका सदस्यहरु रहेका छन् । समूह सदस्यहरूको सशक्तीकरणको न्यूनतम स्तर हासिल गर्नमा के-कति सहयोग पुगेको छ ? सामाजिक र व्यक्तिगत तहमा के कस्ता परिवर्तनहरु भएका छन्, स्थानिय र प्रदेश सरकारको तर्फबाट किशोरी अधिकार मञ्चको दिगोपनको लागि के के प्रयासहरु भएको छ ?, अभिभावकको बानी र व्यवहारमा परिर्तन आउन थालेको छ या छैन ? र यसरी संजालमा आवद्ध किशोरी र उनीहरुका परिवारका सदस्यहरुको जिवनमा वस्तुगत र व्यवहारगत रुपमा के कस्तो परिवर्तन आएको छ र यसले समगम्र पारेको प्रभावलाई परिवर्तनको अवस्था तथा स्थितिका रुपमा विश्लेषण गरिएको छ ।
अध्ययन क्षेत्रका किशोरीहरु अधिकांश मधेसी दलित तथा सिमान्तकृत समुदायका रहेका छन्। जहाँ छोरा र छोरी बिचमा बिभेदको खाल्डो ठुलो छ । परम्परा तथा सामाजिक हिंसा व्यापत रहेको छ । गतिशिलताको अधिकार कुण्ठित छ । यि

अवस्थाको बाबजुत किशोरी अधिकार मञ्चले सञ्चालन गरेका अभियानले धेरै सकारात्मक परिवर्तन ल्याएको सरोकारवाला निकायका पदाधिकारीहरु र स्वयम् किशोरीहरु बताउँछन् । जसको, उदाहरणको लागि यस मञ्चमा आवद्ध किशोरीहरुका घरपरिवारले उनिहरुप्रति गर्ने व्यवहारमा आएको परिवर्तन, किशोरीहरुलाई हिडडुल गर्न र सामाजिक काममा आबद्धताका लागि गर्ने प्रोत्साहन र सहयोग बढेको छ ।

स्थानिय तहमा जब किशोरीका सवाल र समस्या आउछन् तब जनप्रतिनिधि लगायत अन्य सरोकारवाला निकायले समेत उक्त समस्या समाधानका लागि किशोरीहरुकै नेतृत्व खोज्छन् । जसले गर्दा किशोरीहरु माथि थप जिम्मेवारी बोध गराएको यस मञ्चका सदस्यहरुको विचार थियो । उनीहरुलाई सबलिकरण र नेतृत्व विकासमा सहजिकरण गर्ने स्थानिय सरकार अन्य संघ संस्था रहेका छन् । सुरुका दिनहरुमा आर्थिक स्रोतहरु माथिको पहुँचप्रति जानकार थिएनन् । समन्वय र सहकार्यप्रति पनि त्यति संवेदशिल थिएनन् । तर हाल भने आर्थिक स्रोत कहाँबाट जुटाउने ? कस्तो मुद्दामा कसरि पैरवी गर्ने ? समन्वय र सहकार्य कसरि विस्तार गर्ने ? भन्ने विषयप्रति जानकार भएको कुरा सरोकारवाला निकायका प्रतिनिधिहरुले प्रतिक्रिया दिएका थिए । त्यसैगरि यि विभिन्न प्रक्रिया र सहजिकरणको सिपले उनीहरुमा जिवनोपयोगी सिपको विकास गराएको किशोरीहरु पनि बताउँछन् । जसलाई यो टेवलको माध्यमबाट थप स्पष्ट पार्न सकिन्छ ।

**परिवर्तनको अवस्था (Condition)** **स्थिति (Position)**

| परिवर्तनको अवस्था (Condition) | स्थिति (Position) |
|---|---|
| **लैङ्गिग्कताका आधारमा किशोरीहरुमा आएको परिवर्तन** | |
| • खानेकुरा, लुगाफाटो, शिक्षा-दीक्षामा छोराछोरी बीचको भेदभाव न्यूनीकरण<br>• 'छोरा नै चाहिन्छ' भन्ने– धारणामा प्रश्न गर्न सक्ने क्षमतामा वृद्धि भएको ।<br>• घरायसी काममा पुरुषको मद्दत बढेको ।<br>• सामाजिक कार्यमा महिला सहभागितामा वृद्धि । | • किशोरीको सामाजिक मर्यादामा स्तरोन्नति भएको ।<br>• विद्यालय शिक्षामा किशोरीको पहुँच वृद्धि र सहजतामा पनि वृद्धि भएको ।<br>• घरमा बाबु र दाजुभाईले आमा र दिदिबहिनिहरुलाई घरायसी कामकाजमा सघाउन थालेका छन् । दिदिबहिनिहरुलाई बहिर निस्कन प्रोत्साहन गर्न थालेको अवस्था छ । |
| **प्रजनन स्वास्थ्य** | |
| • महिनावारी तथा प्रजननका अन्य सवालमा खुलेर छलफल हुन थालेको ।<br>• विद्यालयमा हुने किशोरी समस्याको बारेमा किशोरी अधिकार मञ्च र अन्य सरोकारवाला निकायमा तत्काल संप्रेषण गर्ने परिपाटिको विकास<br>• महिनावारी स्वच्छन्दता र सेनिटरी प्याड उपलव्धता, सहजताका विषयमा सम्वन्धित निकायमा नियमित छलफल । | • प्रजनन स्वास्थ्य सेवाको माग सृजना एवं विस्तारमा सहकार्य<br>• प्रजनन स्वास्थ्य चक्रप्रति संवेदनशिलता बढेको ।<br>• प्रजनन अधिकार र विद्यालयमा यसप्रतिको खबरदारीमा वृद्धि हुन थालेको । |
| **जीवनोपयोगी शिक्षा** | |
| • विषयगत तालिम तथा नेतृत्व विकास सम्वन्धि गतिविधिहरुले किशोरीहरुमा आत्मविश्वास बढेको ।<br>• यौनजन्य हिंसा तथा दुर्व्यवहारका घटनामा मौन नबसी बाहिर आउन थालेको । | • आफ्नो अनि आफूजस्ता अरूको जीवनमा परिवर्तन ल्याउन किशोरीको सक्रियता बढेको छ ।<br>• आफु भन्दा तल्लो पुस्ताका किशोरीहरु लाई ज्ञान तथा सिपको हस्तान्तरण गर्ने वातावरण निर्माण हुन थालेको । |

| | |
|---|---|
| • पुरुष-आश्रित एवं परनिर्भरताका विभिन्न पक्षमा मा सुधार आएको ।<br>• अधिकारका विभिन्न सवालहरुको उठान, पैरवी तथा आत्मानुभुति गर्ने सिपमा वृद्धि भएको । | |
| **संस्थागत सहभागिता/विकास** | |
| • विभिन्न सभा र कार्यक्रमहरुमा सामेल हुने क्रम बढेको ।, सहभागिताका मञ्चहरू (Forums for participation) मा मुख्य भूमिकामा देखिन थालेको ।<br>• सेवा-प्रदायकहरूमा पहुँच र पारस्परिकताको जागरणमा वृद्धि भएको । | • समूहभाव र समभाव दुवै थरी सामाजिक पुँजीमा (Social capital) मा बढोत्तरी हुनथालेको<br>• आफ्नो संस्थागत सहभागिताको सुनिश्चितताका लागि समुदाय तहदेखि नै जागरुकता आएको । |
| **गतिशिलताको अधिकार** | |
| • यस मञ्चका सदस्यहरु पहिला पहिला घर बाट बाहिर, नजिकका बजार जान पनि घरका पुरुष सदस्य तथा अभिभावकसंग अनुमती लिएर, स्पष्टिकरण दिएर मात्र हिडडुल गर्नुपर्ने अवस्था थियो ।<br>• शिक्षा पनि ५/६ कक्षा पढेपछि किन पढ्नु विद्यालय टाढा छ । गाउँ समाजमा के भन्छन् यति टाढा छोरीलाइ पढ्न पठाउँदा भन्ने अभिभावकको संख्यामा कमी आउन थालेको ।<br>• सामाजिक काममा किशोरी अधिकार मञ्चका सदस्यहरुको सहभागिता बढ्न थालेको छ । | • निर्वाधरुपमा हिडडुल गर्ने वातावरणले किशोरीहरुको आत्मबलमा वृद्धि भएको । सिकाईका नयाँ नयाँ प्रक्रियाले उनीहरुलाई अभियन्ताको रुपमा स्थापित गरेको ।<br>• किशोरी मञ्चका सदस्यहरुको उच्च शिक्षामा पहुँच स्थापित हुनुको साथै रोजगारिको अवसरमा वृद्धि भएको छ ।<br>• किशोरी मञ्चका सदस्य मध्येका केही अभिभावक जसले छोरीहरुलाइ बाहिर निस्कनका लागि बन्देज गर्थे तर आज विश्वास गरेर सहज वातावरण बनाउन थालेका छन् । |

**किशोरी अधिकार सञ्जालको स्थानिय तह सँगको आर्थिक पहुँच (आर्थिक बर्ष २०७८/७९)**

| क्र.स. | स्थानिय तह | जिल्ला | प्राप्त गरेको बजेट | कार्यक्रम |
|---|---|---|---|---|
| १ | समरिमाइ गाउँपालिका | रुपन्देही | ४०,००० | अन्तरक्रिया |
| २ | समरिमाइ गाउँपालिका | | ५,००० | सडक नाटक (पुरस्कार) |
| ३ | मर्चवारी गाउँपालिका | रुपन्देही | १०,००० | दिवसीय कार्यक्रम |
| ४ | कपिलवस्तु नगरपालिका | कपिलवस्तु | २०,००० | |
| ५ | कपिलवस्तु नगरपालिका | कपिलवस्तु | १,००,००० | |
| ६ | कपिलवस्तु नगरपालिक | कपिलवस्तु | ४०,००० | बिउपुँजी |
| ७ | यसोधरा गाउँपालिका | कपिलवस्तु | २०,००० | |
| ८ | यसोधरा गाउँपालिका | कपिलवस्तु | २०,००० | आत्मरक्षा सम्वन्धि तालिम |
| ९ | यसोधरा गाउँपालिका वडा न. ७ | कपिलवस्तु | ५०,००० | नेतृत्व विकास तालिम |
| १० | सुद्धोधन गाउँपालिका | कपिलवस्तु | ५०,००० | बालिका सम्मेलन |
| ११ | मयादेवि गाउँपालिका | कपिलवस्तु | ५०,००० | वक्तृत्वकला |
| | | **जम्मा** | **४,५०,०००** | |

**किशोरी अधिकार मञ्चको पहलमा विभिन्न सचेतनामुलक तथा जिविकोपार्जन सहयोगका लागि रुपन्देहि र कपिलबस्तुका ९ वटा स्थानीय पालिकाबाट आर्थिक बर्ष २०७८/७९ मा ४ लाख पचास हजार रुपैया बराबर स्रोत संकलन भएको पाईयो । जसले गर्दा स्थानीय स्रोतमा किशोरी सञ्जालको पहुँच बढेको देखिन्छ ।**

## सरोकारवालासँग को समन्वय र सहकार्य:

किशोरी अधिकार मञ्चका सामुदायिक कार्यक्रमका सरोकारवाला समुदायका सबै वर्ग र क्षेत्रका व्यक्तिहरु हुन् । जसमा स्थानिय, जिल्ला स्तरिय, प्रादेशिक र राष्ट्रिय स्तरका सरोकारवाला रहेका छन् । समुदाय, जिल्ला र प्रदेश स्तरमा किशोरी अधिकार मञ्चको काममाथि प्रश्न गर्ने र सहकार्य गर्ने दुबै प्रकारका सरोकारवाला निकायसँग किशोरी अधिकार मञ्चका कार्यक्रम के हुन्? किन ? कसरी ? भन्ने सम्बन्धमा स्थानीय सरोकारवालाहरूसँग निरन्तर उत्तर दिइरहनु र सञ्चालन गर्ने गतिविधिमा अभिभावकत्व र अपनत्वको अवस्था सृजना गर्नु ठुलो चुनौती हो । यद्यपी, यस सवालमा किशोरी अधिकार मञ्चको भुमिका अब्बल छ । किशोरी अधिकार मञ्चले मुख्य गरि निम्नानुसारका सरोकारवाला नियकायसंग प्रत्यक्ष समन्वय र सहकार्य गर्दछन् ।

## सरोकारवाला निकाय:

- किशोरीहरुका अभिभावक
- महिला समूह सदस्य
- शुभचिन्तक, शिक्षक-शिक्षिका, सामाजिक कार्यकर्ता, जनप्रतिनिधि,
- पत्रकार, प्रहरी, कर्मचारी ।
- स्थानिय सरकारका पदाधिकारीहरु
- विद्यालय स्तरका बालक्लब
- नगर तथा गाउँपालिका र जिल्ला स्तरिय बाल सञ्जाल
- महिला मानब अधिकार रक्षक सञ्जाल



**सुदिप पौडेल, नगर प्रमुख-कपिलवस्तु नगरपालिका**



**कुमारी प्रियंका शाही सिंह, समरिमाई गाउँपालिका, रुपन्देही**

केही अवस्थामा किशोरी अधिकार मञ्चका कामलाई सरोकारवालाले कम महत्वको ठान्ने गरेको र उनीहरुका गतिविधिहरुप्रति कम संवेदनशिल समेत हुनेगरेको गुनासो रहेको छ भने अर्कोतिर केही सरोकारवाला समेत यो कुरा स्विकार गर्दछन् । तर, यस्तो अवस्था हुन नदिन मञ्चका सदस्यहरु आफ्नो अधिकार र भुमिकाप्रति स्पष्ट भएर काम गर्न

जरुरी छ । सरोकारवाला निकायले पनि किशोरी अधिकार मञ्चका सदस्यहरुलाई सकारात्मक रुपले सहजिकरण गर्दै अभियानमा समाहित गर्नुपर्ने देखिन्छ ।

**अबको बाटोः**

- किशोरीहरु बीच **एकताको भावना** विकास गर्नुपर्ने
- **जीवनोपयोगी सीप** सिकाउनेः  लैङ्गिकतामा आधारित हिसां , यौनजन्य हिंसा र विभेदपूर्ण व्यवहारहरू बारे नियमित सचेतना दिलाएर अरूलाई पनि सचेत पार्न सक्षम बनाउने । विद्यालय नगएका किशोरीहरूलाई विद्यालयमा भर्नामा सहयोग गर्ने । जसमा किशोरी अधिकार मञ्चको अगुवाइलाई स्विकार्ने । पढ्ने अभिप्रेरणा दिने र किशोरीहरूका लागि आवश्यक परामर्श सेवामा पहुँच स्थापित गर्ने ।
- **आर्थिक पहुँचः** दुबै जिल्लामा किशोरी अधिकार मञ्चले स्थानिय सरकार सँग बजेट लिएर अभियान सञ्चालन गरिरहेको छ । तथापी, नियमित रुपमा उनीहरुको सबलिकरण र सक्रियताकालागि आर्थिक श्रोतको व्यवस्थापन गर्न स्थानिय सरकारले भुमिका खेल्नु पर्दछ ।
- **विद्यालय शिक्षा :** शिक्षा बाट वञ्चित भएका किशोरीहरूका साथै पढाई बीचैमा छोडेका किशोरीहरूलाई समयमै प्रेरणा दिई उचित शिक्षा दिन सके उनीहरूको भविष्य तथा जीवन उज्ज्वल बन्न सक्छ । साथै, प्रत्यक्ष रूपमा शिक्षा दिन नसकेपनि जीवनोपयोगी सीप प्रदान गरी समूहमा आवद्द गराई विभिन्न गतिविधिमा संलग्न गराउन साथै अन्य व्यवहारिक ज्ञान प्रदान गर्न किशोरीहरुले एजेन्सिको भुमिका खेल्न सक्ने दखिन्छ ।
- **बालविवाह :** किशोरी अधिकार मञ्चले वालविवाह न्यूनीकरण गर्न स्थानीय एजेन्टको भुमिकामा अगाडी बढ्न सक्ने देखिन्छ ।
- **अपराधबाट आत्मरक्षाः** शोषण, यौनजन्य दुर्व्यवहारदेखि बेचविखन सम्मको खतराबाट जोगिनका लागि पनि किशोरीहरूलाई उचित शिक्षा र सचेतना प्रदान गरी आत्मरक्षामा स्वनिर्भर बनाउन आवश्यक छ । जसले गर्दा किशोरीहरूले आफू, घरपरिवार र साथीमाथि भएका दुर्व्यवहार र हिंसाका घटनाको बारेमा खुल्न सक्नेछन् । यसको लागि उनिहरुको उत्साह र उर्जाको व्यवस्थापन गर्ने वातावरण निर्माण गर्न आवश्यक छ ।
- किशोरीहरूलाई आफ्नो उमेरमा परिआउने जोखिमहरूबाट बच्न सक्षम बनाउने **किशोरावस्था र प्रजनन स्वास्थ्य** समस्याको उपचारमा किशोरीहरूलाई सहायता जुटाउने । जीवनमा आइपर्ने विभिन्न समस्याहरूको समाधान गर्न जीवनोपयोगी सीप सिकाउने । लगायत उनीहरुको सर्वाङिण विकासमा अझै सहजिकरण गर्न आवश्यक रहेको छ ।

**निष्कर्षः**

किशोरी अधिकार मञ्च विशेषतः महिला/किशोरीसँग सम्बन्धित समस्याहरुको पहिचान गरी नीति निर्माण तथा कार्यान्वयनमा सहभागी भई बालविवाह अन्त्य, विद्यालय शिक्षामा पहुँच विस्तार, यौनजन्य हिंसा न्युनिकरण र गतिशिलताको अधिकार शुनिश्चितताका लागि व्यापक अभियानहरु सञ्चालन गर्दै आएको छ । बालविवाह र यौनजन्य हिंसा विरुद्ध सचेतनाका लागि नियमित रुपमा किशोरीहरुसँग अन्तरक्रिया तथा छलफल गरी समय समयमा बालविवाह र अन्य प्रकारका जोखिमपुर्ण अवस्थामा रहेका बालबालिकाहरुको अभिभावकलाई भेट्ने र परामर्श तथा सुझाव सल्लाह मार्फत आफ्ना अभियान सञ्चालन गरिरहेका छन् ।

बालमैत्री वडा तथा नगरपालिका स्थापना र विकासका लागि आवश्यक आर्थिक, भौतिक तथा नीतिगत व्यवस्थामा पनि किशोरी अधिकार मञ्चले ठुलो सहयोग गरिरहेको छ । किशोरकिशोरी सम्बन्धी कार्यक्रमहरुलाई विकेन्द्रित रुपमा बाँडफाँड गरी बालमैत्री वडा स्थापनामा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गरेको अनुसन्धानका क्रममा विभिन्न सरोकारवाला निकायको प्रतिक्रिया रहेको थियो । बालविवाहको जोखिममा परेका वा पहिल्यै बालविवाहमा परेका किशोरीहरुको संरक्षण र विकासका लागि संघसंस्थाहरुको समन्वयमा बालविवाह अन्त्यका लागि वडा, विद्यालय तथा समुदायस्तरमा बालसंरक्षण संयन्त्रहरुको स्थापना, सबलीकरण र परिचालन,बालविवाह न्युनिकरणका लागि विभिन्न सृजनात्मक अभ्यासहरु अपनाउने लगायतका गतिविधिमा किशोरी अधिकार मञ्चको योगदान रहेको छ । तसर्थ, यस मञ्चको दिगोपना र सबलिकरणका

लागि स्थानिय सरकारलाइ सम्पुर्ण कार्यक्रम हस्ताण्तरण गरिसकेको छ । अबका दिनमा, स्थानिय सरकार र अन्य संघ संस्थाले किशोरी अधिकार मञ्चलाई आर्थिक, सामाजिक, पहुँचको वातावरण निर्माण गर्दै हातेमालो गर्न आवश्यक छ । किशोरी अधिकार मञ्चमा आवद्ध धेरै किशोरीहरु सिमान्तकृत समुदायका छन् । जो, आर्थिक, सामाजिक, शैक्षिक दृष्टिकोणले पछाडी पारिएका छन् । परम्परागत हानिकारक अभ्यास र पितृसत्तात्मक सामाजिक-सांस्कृतिक, धार्मिक मुल्य मान्यता र संरचनागत विभेदले ग्रसित छन् । यी सबै अवरोधरुका बाबजुध सामाजिक रुपाण्तरणका लागि सर्वपक्षीय सहयोग पाउने अवस्था कठिन छ । व्यक्तिगत जिवनमा स्वतन्त्रता र ढंगले व्यक्तित्व विकास गर्न, आत्मसम्मान पुर्वक गतिशिलताको अधिकार उपभोग गर्न चुनौती रहेको देखिएको छ ।

किशोरीहरुलाई अभियानमा सक्रिय बनाइरहने र उनीहरुबीच सञ्जालीकरण गर्ने संस्था किशोरी अधिकार मञ्चलाई अहिले ओरेक नेपाल र केयर नेपाल नामक गैससले पृष्ठपोषण गरिरहेका छन् । आर्थिक सहयोग, कार्यक्रम चयन र सहजकर्ताको भूमिकामा यी संस्थाहरुले योगदान गरिरहेका छन् । गैससहरुको पृष्ठपोषण नियमित हुन सक्दैन । त्यसैले, गैससहरुले पृष्ठपोषण र अनुशिक्षण नगरेको अवस्थामा किशोरी अधिकार मञ्चको नियमितताको चुनौती भने टड्कारो छ । सुनिता हरिजनले यहीं चुनौतीलाई यसरी औल्याइन्, “ओरेक र केयर नहुने हो भने किशोरी अधिकार मञ्च कसरी चलाउने ? यो सवालमा स्थानिय सरकार वा अन्य कुनै संघ संस्थाले हामीलाई झकझक्याउने र सहयोग गर्ने गरेमा हाम्रो मुद्दा समुदायमा रहिरहने थियो ।

## सन्दर्भ सामाग्री :


बालबालिका सम्बन्धी महासन्धी सन, १९८९
महिला बिरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी, १९७९
बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६
नेपाल सरकार, राष्ट्रिय जीवनस्तर सर्वेक्षण सन, २०१६
नेपाल सरकारका विषयगत प्रकाशित अन्य तथ्यांकहरु
महिला विकासमा किशोरीविशेष कार्यक्रम
स्थानिय तह संचालन ऐन २०७४
नगरपालिकाका वेभसाइटहरु
https://dccrupandehi.gov.np/
https://dcckapilvastu.gov.np/